# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः २०७५/७६

मितिः २०७५।१२।०८

नार्पा भूमि गाउँपालिका,
मनाङ ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट नार्पा भूमि गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.११ लाख ४८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० लाख ९३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।५।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपरे प्रमाण कागजात सहितको प्रतिकृया पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम ब्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना तेह्र (१३) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# नार्पा भूमि गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा लप्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ५ वडा, २१ सभा सदस्य, ८३७.५४ वर्ग की.मी.क्षेत्रफल, ६१५ जनसंख्या र गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोष:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ वमोजिम विभिन्न स्रोतबाट प्राप्त निकासा तथा आम्दानीहरु गाउँपालिकाले स्थानीय सन्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोष र आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४८४९१८६ | १ | **चालु खर्च** | | २५३७१४५४ |
| | क) नगद | ० | | २ | **पूँजीगत खर्च** | | ६३२५५८०८ |
| | ख) बैंक | ४८४९१८६ | | ३ | **सशर्त अनुदान फिर्ता** | | ५११६४४८ |
| २ | **राजस्व (आन्तरिक आय)** | | ११९३६१५ | ४ | **मौज्दात** | | २८२५४०९१ |
| ३ | **वित्तीय हस्तान्तरण** | | ११२५०४००० | | क) नगद मौज्दात | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | १०००००००० | | | ख) बैंक मौज्दात | २८२५४०९१ | |
| | ख) सशर्त अनुदान | १२५०४००० | | | | | |
| | ग) समपूरक अनुदान | ० | | | | | |
| | घ) विशेष अनुदान | ० | | | | | |
| ४ | **अन्य विविध आय** | | ३४५१००० | | | | |
| | **जम्मा** | | १२१९९७८०१ | | **जम्मा** | | १२१९९७८०१ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **सन्चित कोषको हिसाब:** स्थानीय सरकार सन्चालन ऐनको दफा ६९ मा प्रत्येक गाउँपालिकाको एउटा सन्चित कोष रहने र उक्त कोषमा राजस्व, अनुदान, ऋण लगायतका रकमहरु रहने र उक्त कोषबाट खर्च गर्न सकिने रकमको व्यवस्था रहेको छ । कार्यालयले सन्चित कोषको हिसाब तयार गरेको नदेखिएकोले सन्चित कोषमा जम्मा भएको र सो बाट भएको खर्च एकिन गर्न नसकिएको हुँदा सन्चित कोषको हिसाब तयार गर्नुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| २. | **आन्तरीक नियन्त्रण प्रर्णाली:** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।)<br>● **जिन्सी निरीक्षण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा उल्लेख भएका कैफियत कार्यान्वयन गर्ने व्यवस्था रहेको छ । प्रतिवेदनमा उल्लेख भए अनुसार व्यवहारिक र वैज्ञानिक खरिद योजना बनाई लागु गर्ने, साविकका गा.वि.स. र अन्य निकायबाट प्राप्त सामग्रीको विवरण अद्यावधिक गर्ने, खरिद गरिने जिन्सी सामानको आवश्यकता पहिचान गरी खरिद गर्ने लगायतका सुझावहरु कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>● **जोखिम पहिचान:** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br>● **योजना सन्चालन:** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।<br>● **कार्यक्रम वाइज खर्च खाता:** कार्यालयले कार्यक्रम वाइज खर्च खाता राखेको छैन । जसले गर्दा कुन कुन कार्यक्रममा के कति खचं भयो, कुन कुन कार्यक्रममा बढी वा घटी खर्च भयो । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन ।<br>● **लागत अनुमान/खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br>● **भ्रमण अभिलेख:** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची -६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले भ्रमण अभिलेख खाता राखेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख व्यवस्थित गर्नुपर्दछ ।<br>● **सम्पत्तिको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कार्यक्षेत्रभित्र पर्ने भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, रेलिङ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br>● **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।<br>● मालसामानको लागत अनुमान:- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लागत अनुमान वेगर खरिद कार्य गरेको देखिन्छ ।<br>● मू.अ.कर दर्ता नभएकासंग खरिद: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ</td><td></td></tr>
<tr><td>३.</td><td>खर्च गर्ने अख्तियारी र कार्यविधि: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था हेकोमा सो अनुसार अख्तियारी प्रदान गरेको नदेखिएकोले कानूनी व्यवस्थाको कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।)</td><td></td></tr>
<tr><td>४.</td><td>वजेट पेश गर्ने तथा पारित गर्ने: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था रहेको छ । २०७४।३।३० मा गाउँसभाले भालु, पूँजीगत र विषयगत शाखाको लागि देहाय अनुसार बजेट पारित गरेतापनि आयको अनुमान, गत वर्षको यथार्थ आय व्यय, चालु आ.व.को संशाधित अनुमान नगरी आगामी वर्षको योजना तथा कार्यक्रम र व्ययको अनुमानित विवरण मात्र पारित गरेकोले कानूनी व्यवस्था बमोजिम हुनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।)</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.नं.</th><th>वजेट वर्गिकरण</th><th>व्ययको अनुमान</th></tr>
<tr><td>१.</td><td>चालु खर्च</td><td>२८४३००००.००</td></tr>
<tr><td>२.</td><td>पूंजीगत खर्च</td><td>७८९०६०००.००</td></tr>
<tr><td>३.</td><td>विषयगत शाखाको खर्च</td><td>८०२००००.००</td></tr>
<tr><td></td><td></td><td>११५३५६०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.</td><td>श्रोत अनुमान तथा वजेट सिमा: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा २०७४।३।४ को समितिको निर्णयले देहाय अनुसार स्रोत अनुमान गरेको तर बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | (व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |

| सि.नं. | वजेट वर्गिकरण | व्ययको अनुमान |
|---|---|---|
| १. | नेपाल सरकार केन्द्रीय अनुदान | ११२००००००.०० |
| २. | जि.स.स.बाट विद्युत रोयल्टी | ५००००००.०० |
| ३. | पर्यटन बोर्डबाट अनुदान | २५०००००.०० |
| ४. | आन्तरिक आय | १६०००००.०० |
| ५. | गत वर्षको मौज्दात | ४८०६७७०.०० |
| | **जम्मा** | **१२५९०६७७०.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ६. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकोमा कार्यक्रमको प्राथमिकिकरण र विषय क्षेत्रगत कार्यक्रम अनुसार कार्यकम वर्गिकरण गरेको नदेखिएकोले कानूनी व्यवस्था अनुसार कार्यक्रमको प्राथमिकिकरण र विषय क्षेत्रगत कार्यक्रमको वर्गिकरण गरी सन्चालन हुनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ७. | **राजस्व परामर्श समितिः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । कानुनी व्यवस्था अनुसार राजस्व परामर्श समितिको बैठक बसेको नदेखिएकोले ऐनमा उल्लेख भए अनुसार हुनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न ध्यान दिनुपर्ने देखिएको छ । (व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ९. | **लक्ष्य प्रगतिः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । स्वीकृत ढाँचा वेगर तयार गरेको प्रगति विवरण अनुसार ७७ वटा कार्यक्रम मध्ये शून्य प्रगति ५, २५ प्रतिशतसम्म प्रगति २ र ५० प्रतिशत सम्म प्रगति भएका ७ कार्यक्रम रहेका छन् । निम्नानुसारका कार्यक्रममा न्यून प्रगति देखिएकाले लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |

| सि.नं. | कार्यक्रम | स्वीकृत बजेट | खर्च | वित्तीय प्रगति % |
|---|---|---|---|---|
| १. | कोतो नारफु सडक खोला बाटो | ९००००००.०० | ३९६२५१७.०० | ४४.०२ |
| २. | फु सामुदायिक गुम्बा निर्माण | ५५०००००.०० | ३११३८८५.०० | ५६.६१ |
| ३. | क्याङ फु गोरेटो बाटो निर्माण | ५००००००.०० | २९७४९७१.०० | ५९.४९ |
| ४. | विस्फोटक पदार्थको लागि बंकर निर्माण | १५०००००.०० | ० | ० |
| ५. | जेष्ठ नागरिक सेवा कार्यक्रम | ५००००.०० | ० | ० |
| ६. | बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम | १०००००.०० | ० | ० |
| ७. | एचआईभि एड्स जनचेतना, आमा सुरक्षा कार्यक्रम | ४००००.०० | ० | ० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १०. | **सेवा प्रवाहः** कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७४।७५ मा नागरिकता सिफारिस २०, नाता प्रमाणित ११, घरबाटो सिफारिस १५, जन्म मृत्यु दर्ता ४० र अन्य ६० समेत १४६ को संख्यामा सेवाप्रवाह गरेको छ । | |
| ११. | **न्यूनतम दररेट निर्धारणः** स्थानीय सरकार सन्चालन ऐनको दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण ाकर्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने र यस्तो दररेट आर्थिक वर्ष हुनुभन्दा १५ दिन अगावै तोक्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले स्थानीय दररेट तोकेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम गर्नुपर्ने देखिन्छ । | |
| १२. | **कानून निर्माणः** स्थानीय सरकार सन्चालन ऐनको दफ २० मा गाउँपालिकाको अधिकारक्षेत्रको विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्ने व्यवस्था रहेकोमा हालसम्म कुनै विधेयक पेश भएको देखिएन । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रको विषयमा कुनै कानून निर्माण नगर्दा स्थानीय सरकारको संस्थागत विकासमा सुस्तता आउने हुँदा कानूनी व्यवस्था वमोजिम हुनुपर्ने देखिन्छ । (व्यवस्थापनसंगको छलफलमा चालु आ.व.मा विधेयक पारित भई कानून निर्माण भएको जानकारी छ ।) | |
| १३. | **समिति गठनः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २२ मा गाउँसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली वनाई लेखा समिति, विधायन समिति, सुशासन लगायत आवश्यकता अनुसार समिति र विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेकोमा कुनै किसिमको समितिहरु गठन गरेको देखिएन । समितिहरुको अभावमा स्थानीय सरकारको संस्थागत सुदृढिकरणमा असर पर्न सक्ने हुँदा कानूनी व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ । ( व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| १४. | **योजना तर्जुमा र कार्यान्वयनः** स्थानीय सरकार सन्चालन ऐनको दफ २४ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागु गर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले कुनै किसिमको योजना तर्जुमा गरेको देखिएन । (व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| १५. | **नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐनको दफा २७ मा गाउँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । | |
| १६. | **न्यायिक समितिः** स्थानीय सरकार सन्चालन ऐनको परिच्छेद ८ मा गाउँपालिकाको न्यायिक कार्य सम्वन्धमा व्यवस्था गरेको छ । दफा ४६ अनुसार न्यायिक समितिको व्यवस्था रहेकोमा न्यायिक समिति गठन भएतापनि न्यायिक समितिको बैठक वसी कार्यसन्चालन भएको देखिएन । | |
| १७. | **कर अशुलीः** स्थानीय सरकार सन्चालन ऐनको दफ ५४ मा कानून बमोजिम बाहेक गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेको छ भने अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २(३) संग सम्वन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर र गैर करको व्यवस्था गरेको छ । जस अनुसार कर तर्फ सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), विज्ञापन कर, मनोरन्जन कर, व्यवसाय कर समेत ८ प्रकारका कर र गैर करतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना समेत ३ प्रकारका गैरकर लगाउन सक्ने व्यवस्था रहेकोमा कार्यालयले कानून निर्माण नगरी मालपोत समेतका शिर्षकमा रु.११,९३,६१५।० आन्तरिक राजस्व असुली गरेको देखिएकोले कानूनी व्यवस्था गरेर मात्र कर तथा गैरकर असुली गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । ( व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| १८. | **आय व्ययको हिसाबः** स्थानीय सरकार सन्चालन ऐनको दफा ७२ मा गाउँपालिकाले श्रावण आषाढ सम्मको अवधिलाई एक आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहले तयार गर्नुपर्ने आय व्यय विवरणको ढाँचा नतोकेको र केहि स्थानीय तहले SUTRA (Subnational Treasury Regulatory Application) मा आधारित लेखा ढाँचामा प्रयोग गरेतापनि उक्त ढाँचा बाध्यकारी नभएकोले स्थानीय तहले तयार गर्ने आर्थिक विवरण र आय व्ययको ढाँचामा एकरुपता कायम गर्नाको लागि सम्वन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । | |
| १९. | **लेखापरीक्षणः** स्थानीय सरकार सन्चालन ऐनको दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको संगठनात्मक तालिकामा आन्तरिक लेखा परीक्षण शाखाको व्यवस्था रहेको तर कर्मचारीको व्यवस्था भएको देखिएन । कार्यालयले कोष तथा लेखानियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराएको तर आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका देहायका बेरुजुहरुको कुनै कार्यवाही गरेको नदेखिएकोले असुल फछ्र्यौट गर्नुपर्दछ । | |
| २०.१ | **समानीकरण अनुदान (चालु) सरुवा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली २०६४ अनुसार प्रमुख प्रशासकीय अधिकृत हरि वहादुर भुजेल सरुवा भई आउँदा परिवार समेतको सरुवा भ्रमण खर्च रु.३४४००।० भुक्तानी गरेकोमा साबिक कार्यालयको रमाना पत्रमा सरुवा भ्रमण खर्च लिए नलिएको उल्लेख नगरेको हुँदा साबिक कार्यालयबाट भ्रमण खर्च लिए नलिएको सम्वन्धमा आवश्यक प्रमाण पेश हुनुपर्ने देखिन्छ । | ३४,०००/- |
| २०.२ | **कर कट्टीः** आयकर ऐन २०५८ को दफा ८९ मा भुक्तानीमा कर कट्टी सम्वन्धी व्यवस्था रहेको छ । कार्यालयले विभिन्न भुक्तानी गर्दा कानूनी व्यवस्था अनुसार निम्नानुसारको कर कट्टी गरेको नदेखिएकोले रु.१७५३१।० असुल गर्नुपर्दछ ।<br>(क) आमा समूह भवन फिनिसिंग रु.१६०२।०<br>(ख) रिन्जु इन्जिनियरिंग प्रा.लि. रु.५२५०।०<br>(ग) प्रभु सप्लायर्स र शुभलाभ फर्निचर रु.३१६९।०<br>(घ) सृष्टि कम्प्युटर इन्स्टिच्युट रु.३००।०<br>(ङ) स्टार अफि इन्टरनेशनल रु.१७००।०<br>(च) सई रोशनी इन्डष्ट्रियल रु.५५१०।० | १७,५३१/- |
| २०. | **कार्यालय स्थान र पूर्वाधारः** स्थानीय सरकार सन्चालन ऐनको दफा ८१ मा गाउँपालिका तथा वडाको कार्यालय गाउँपालिका तथा वडाको केन्द्र रहेको स्थानमा रहने व्यवस्था रहेको छ । गाउँपालिकाको केन्द्र च्याखुमा रहेता पनि बैंकिË सुविधा, सञ्चार सुविधा, सुरक्षा लगायतका कारण कार्यालयको आर्थिक कारोबार सदरमुकाम स्थित सम्पर्क कार्यालयबाट सन्चालन भएको देखिएकोले आवश्यक पूर्वाधार विकास गरी तोकिएको केन्द्रबाट सम्पूण कार्यसम्पादन गर्ने गराउनेतर्फ सम्वन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । | |
| २१. | **प्रशासकीय सËठन र कर्मचारी दरवन्दीः** स्थानीय सरकार सन्चालन ऐनको दफा ८३ मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यनमा राखी कर्मचारी समायोजन भएपछि मात्र सËठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा र महाशाखा रहेको सËठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय सरकारबाट समायोजन प्रकिया अन्तिम निश्कर्षमा नपुगेको र कार्यालयको स्वीकृत २४ दरवन्दी मध्ये ५ मात्र पदपूर्ति भएकोले कार्यालयको निर्दिष्ट उद्देश्य प्राप्तिका लागि दरवन्दी अनुसार पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । | |

| सि.नं. | पद | दरवन्दी | पदपूर्ति |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | १ | १ |
| २. | शाखा अधिकृत (शिक्षा) | १ | ० |
| ३. | इन्जिनियर | १ | ० |
| ४. | नायब सुव्वा (प्रशासन, न्याय) | ४ | १ |
| ५. | प्रा.स.(शिक्षा) | १ | ० |
| ६. | म.वि.नि. | १ | ० |
| ७. | लेखापाल | १ | १ |
| ८. | आन्तरिक लेखापरीक्षक | १ | ० |
| ९. | सब इन्जिनियर | २ | १ |
| १०. | सह लेखापाल | १ | ० |
| ११. | वडा कार्यालय | १० | १ |
| | **जम्मा** | **२४** | **५** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २२. | **गाउँपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षणः** स्थानीय सरकार सन्चालन ऐनको दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्जमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले त्यस्ता सम्पत्तिको अभिलेख नराखेको, रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको नदेखिएकोले कानूनी व्यवस्था बमोजिम अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| २३. | **सम्पत्ति विवरण:** स्थानीय सरकार सन्चालन ऐनको दफा ११० मा सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण सम्वन्धित स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा कानूनी व्यवस्था अनुसार सम्पत्ति विवरण पेश गरेको देखिएन । | |
| २४. | **मध्यकालिन खर्च संरचना:** अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| २५. | **बढी जिम्मेवारी-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने मौज्दात रु.४८१७७१९।३० उल्लेख भएकोमा कार्यालयले यो वर्ष शूरु मौज्दात रु.४८४९१८६।० जिम्मेवारी सारेको देखिएकोले बढी जिम्मेवारी सारेको रु.३१४६६।७० का सम्वन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ । | |
| २६. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ७.५८ प्रतिशत, दोश्रो चौमासिकमा ३.१६ प्रतिशत, तेश्रो चौमासिकमा ८९.२६ प्रतिशत र आषाढमा ८१.९७ प्रतिशत खर्च गरेको देखिएको छ । कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा सन्चालन गरिने कार्यक्रम र सो कार्यक्रममा खर्च हुने बजेटको व्यवस्था गरिएको र सोही कार्यक्रम अनुसार खर्च व्यवस्थापन हुनुपर्नेमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको चौमासिकमा कार्यक्रम सन्चालन हुन नसकी तेश्रो चौमासिक र आषाढमा मात्र खर्चको बोझ बढी भएको देखिन्छ । तोकिएको चौमासिक अवधिमा खर्च नहुंदा सम्पादित कार्यको पर्याप्त अनुगमन नहुने, गुणस्तर कायम नहुने र आन्तरिक नियन्त्रण प्रभावकारी नहुने हुँदा यसतर्फ कार्यालयले आवश्यक ध्यान दिइ वार्षिक कार्यक्रम अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा मंसिर देखि चैत्रसम्म हिमपातका कारण काम हुन नसक्दा तेस्रो चौमासिकमा खर्चको भार पढी परेको जानकारी गराएको छ ।) | |

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च रु. हजारमा | चौमासिक खर्च रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | असाढ महिना |
| १ | ८०१७०७३ | ६१६५६ | ४८०० | २००० | ५४८५६ | ५१८५६ |
| २ | ३६५८१९४ | ६०० | ० | ० | ६०० | ० |
| ३ | ३६५१६४४ | १००० | ० | ० | १००० | ० |
| | **जम्मा** | **६३२५६** | **४८००** | **२०००** | **५६४५६** | **५१८५६** |
| | **खर्च प्रतिशत** | | **७.५८** | **३.१६** | **८९.२६** | **८१.९७** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| २७. | **बोलपत्र र सिलवन्दी दरभाउपत्रद्धारा खरिदः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७४ मा गाउँपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय खरिद ऐन बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिदलाई प्रतिस्पर्धात्मक तरिकाबाट न्यून लागतमा गर्नाका लागि बोलपत्र र सिलवन्दी दरभाउपत्रद्धारा खरिद गर्ने व्यवस्था खरिद कानूनले गरेकोमा कार्यालयबाट सबै निर्माण कार्यहरु उपभोक्त समिति मार्फत गराएको र खरिद कार्य सूचीकृत फर्मबाट सोझै खरिद गरेकोले खरिद ऐन नियममा भएको प्रतिस्पर्धालाई नजरअन्दाज गरेको देखिन्छ । खरिद र निर्माण कार्यलाई प्रतिस्पर्धि, पारदर्शी र मितव्ययी वनाउन खरिद कानूनको व्यवस्थालाई कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| २८. | **सशर्त अनुदान-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले खर्च नभई बाँकी रहेको रु.५०३५४४८।० कोलेनिका फिर्ता गर्नुपर्नेमा वित्तीय समानीकरण अनुदानको रु.८१०००।० समेत रु.५११६४४८।० फिर्ता गरेकोले यसमा सुधार हुनुपर्ने देखिएको छ । | |
| २९. | **राजश्व अभिलेखः** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको नगदी रसिद, आम्दानी तथा दाखिलाको अभिलेख खाता व्यवस्थित गरी नराखेकोले स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन गर्न नसकिएकोले आन्तरिक राजस्वको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३०. | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३१. | **बरबुझारथः** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३२. | **स्रोत नक्सांकनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३३. | **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा राजस्वको दर नतोकेको र | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | व्यवसायीको अभिलेख समेत नराखेकोले व्यवसाय कर लगाई आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३४. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७)मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट ,स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था गरी कन्टिन्जेन्सी खर्च हुदै आएको छ । यो वर्ष कार्यालयले रु.३०५६४२।० कन्टिन्जेन्सी खर्च लेखेकोमा कुन कुन निर्माण कार्यको लागि के कति कन्टिन्जेन्सी व्यवस्था गरेको र सो मध्ये के कति खर्च भएको छ कन्टिन्जेन्सी व्यवस्था र खर्चको अभिलेख नराखेकोले कन्टिन्जेन्सी खर्च सम्वन्धमा एकिन गर्न सकिएन ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३५. | **सम्भाव्यतता अध्ययन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैंयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने, हुन सक्ने हुंदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने  देखिन्छ । | |
| ३६. | **उपभोक्ता समितिमार्फत कार्यः** यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् । | |
| ३७.१ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३७.२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्नेछ र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भए गरेको देखिएन ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३७.३ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |
| ३७.४ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेट कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति मार्फत कार्य गराएका निम्नानुसारका निर्माण कार्यको निर्माण कार्य पूरा नहुँदै अधुरो कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार कार्य नभएको, म्याद थप समेत नभएको अवस्थामा पनि कार्यसम्पन्न प्रतिवेदन तयार गरिंदा बाँकि कामको सम्वन्धमा उपभोक्ता समिति जवाफदेही नहुने र निर्माण कार्य अधुरो रहि सरकारी खर्चबाट बनेको कार्यको उपयोगविहिन हुन सक्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>(व्यवस्थापनसंगको छलफलमा आगामी दिनमा सुधार गरिने जानकारी गराएको छ ।) | |

| भौ.न. र | भुक्तानी पाउने | कामको विवरण | सम्झौता | कार्य सम्पन्न |
|---|---|---|---|---|
| ६९/०७५/३ | कोतो नारफु मोटरबाटो | मोटर बाटो निर्माण | ९९००८६४. | ४४०२७९७. |
| ५४/०७५/ | ४ नं.वडा भवन निर्माण | मोटर बाटो निर्माण | ७१७०३११.४ | ६४१०४६९. |
| ५६/०७५/३ | गाउँपालिका भवन निर्माण | भवन निर्माण | ७७०७५०८. | ६१५२०४८. |
| ५७/०७५/३ | क्या ª फू गोरेटो बाटो | गोरेटो बाटो निर्माण | ५५०४००४. | ३३०५५२३.८ |
| | | | **३०२८२६८९.** | **२०२७०८३८** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३७. | **अग्रिम कर:** आयकर ऐन २०५८ को दफा ८९ मा अनुसार भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसार भुक्तानी गर्दा अग्रिम कर कट्टी गरेको नदेखिएकोले अग्रिम कर रु.१२,९८९।० असुल हुनुपर्दछ ।<br>(व्यवस्थापनसंगको छलफलमा असुल गरिने जानकारी गराएको छ ।) | १२,९८९/- |

| गो.भौ.नं./ मिति | कार्यक्रम | आपूर्तक | सामान | रकम | कर |
|---|---|---|---|---|---|
| ६/०७४/८/२६ | सुतिखोला–मोना गोरेटोबाट निर्माण | लमजुङ हार्डवेयर | हार्डवेयर सामान | १०६७७२.०० | १६०१.०० |
| ४/०७४/११/१ ४ | गुम्वा निर्माण | भेराइटी पेन्ट्स, ललितपुर | रंगरोगनका सामान | ३१६६०४.०० | ४७४९.०० |
| ६/०७५२/१४ | औषधी खरिद | भण्डारी सर्जिकल हाउस, त्रिपुरेश्वर | विभिन्न औषधी | ४४२६४९.०० | ६६३९.०० |
| | | | **जम्मा** | **८६६०२५.००** | **१२९८९.००** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३८. | **कर विजक:** ७/२०७४/८/२७ रिजु इन्जिनियरिङ नेटवर्क प्रा.लि. लाई मुर्चु खोलामा हाइड्रोपावर संचालन गर्न विस्तृत सम्भाव्यताको सर्भे रिपोर्टको लागि रु.३५००००.०० र मूल्य अभिवृद्धि कर रु.४५५००.०० समेत रु.३९५५००.०० भुक्तानी गरेको देखियो । उक्त भुक्तानीको कर विजक नं. ००४ हातले लेखेको देखियो । उक्त भुक्तानीको आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्ने र यस्ता विजकबाट भुक्तानी दिने प्रकृयामा नियन्त्रण हुनुपर्दछ ।<br>(व्यवस्थापनसंगको छलफलमा प्रमाण पेश गरिने जानकारी गराएको छ ।) | ४५,५००/- |
| ३९. | **भ्रमण खर्च र स्थानीय भत्ता:** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । निम्नानुसारका कर्मचारीहरु विभिन्न मितिमा भ्रमणमा खटिई भ्रमण अवधिको दैनिक भ्रमण भत्ता र स्थानीय भत्ता दुवै उपयोग गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम दोहोरो भत्ता नपाउने हुँदा निम्नानुसारको भ्रमण अवधिको स्थानीय भत्ता रु.२३,९७१।० असुल हुनुपर्दछ ।<br>(व्यवस्थापनसंगको छलफलमा असुल गरिने जानकारी गराएको छ ।) | २३,९७१/- |

| कर्मचारीको नाम | भ्रमण अवधि | भ्रमण | भ्रमण | जम्मा | मासिक | दोहोरो |
|---|---|---|---|---|---|---|
| कविराज छैटौं नर | २०७४/१२/२९ | काठमा | ७ | ७ | १४०६०.०० | ३२८०.०० |
| ना.सु. गणेश | २०७५/०२/०१ | काठमा | ७ | ७ | ९१९०.०० | २१४४.०० |
| प्रा.स. महेश | २०७५/०२/२३ | वेशीशह | ७ | ७ | ९१९०.०० | २१४४.०० |
| आलेप अधिकृत नमनारायण मल्ल | ०७४/१०/१- | काठमा | ७ | ३५ | १४०६० | १६४०३.०० |
| | ०७४/१०/१६- | काठमा | ७ | | | |
| | ०७५/१/११- | काठमा | ७ | | | |
| | ०७५/२/५- | काठमा | ७ | | | |
| | ०७५/२/२७- | काठमा | ७ | | | |
| | **जम्मा** | | | | | **२३९७१.०** |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>४०.</td><td>पदाधिकारी सुविधाः प्रदेश नं.४ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ६ संग सम्वन्धित अनुसूची १ अनुसार गाउँपालिकाका पदाधिकारीले पाउने सुविधा सम्वन्धमा व्यवस्था गरेको छ । उक्त ऐन मिति २०७५।०१।२४ को प्रदेश राजपत्रमा प्रकासित भई २०७४ साउन १ देखि सुविधा पाउने उल्लेख भएको छ । कार्यालयले यो वर्ष पदाधिकारी तथा सदस्यलाई पारिश्रमिक सुविधा वापत रु.२९,५२,०००।० भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>४१.</td><td>गुम्बा निर्माणः यो वर्षको वार्षिक कार्यक्रममा ५ ठाउँमा गुम्बा निर्माण तथा मर्मत सुधार गर्ने गरी गाउँसभाबाट बजेट पारित भएको छ । कार्यालयलाई प्राप्त वित्तीय समानीकरण अनुदानको रकम पूँजी निर्माण हुने विकासमूलक कार्यमा खर्च गर्नुपर्नेमा स्वागत गुम्बा निर्माण जस्तो अनुत्पादक कार्यमा निम्नानुसार रु.९०,९८,१२८।० खर्च गरेको देखिएकोले पूँजी निर्माण हुने निर्माण कार्यमा बजेट खर्च केन्द्रीत गर्नुपर्ने देखिएको छ ।<br>(व्यवस्थापनसंगको छलफलमा गाउँसभाको निर्णयानुसार गरिएको जानकारी गराएको छ ।)
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>वार्षिक बजेट</th><th>बजेट खर्च</th></tr>
<tr><td>१</td><td>साम्बुछेलिंग गुम्बा फिनिसिंग</td><td>४१५६०००.००</td><td>३३८४२४३.००</td></tr>
<tr><td>२</td><td>फु सामुदायिक गुम्बा निर्माण</td><td>५५०००००.००</td><td>३११३८८५.००</td></tr>
<tr><td>३</td><td>टसि लाका[a] गुम्बामा जस्ता, किचेन निर्माण</td><td>२००००००.००</td><td>१५०००००.००</td></tr>
<tr><td>४</td><td>गुरु सा[a] मा गुम्बामा कोठा निर्माण</td><td>९०००००.००</td><td>८०००००.००</td></tr>
<tr><td>५</td><td>पुरानो सती गुम्बा मर्मत सुधार</td><td>३०००००.००</td><td>३०००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२८५६०००.००</td><td>९०९८१२८.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.</td><td>विस्फोटक पदार्थ खरिद (भौ.नं.१५२।०७५।३।२४): यो वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार विस्फोटक पदार्थ खरिदको लागि आलेप अधिकृत नुमनारायण मल्ललाई रु.१७,५०,०००।० पेश्कि दिई रु.१६,१२,९२८।० खर्च गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार छन् ।</td><td></td></tr>
<tr><td>४३.१</td><td>जिन्सी दाखिलाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा हस्तान्तरण भई प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई लगत खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नेपाली सेनाको सुनाचरी इमल्सन प्लान्टबाट निम्नानुसारको विस्फोटक पदार्थ खरिद चामेस्थित नेपाली सेनाको बंकरमा राखेको संलग्न प्रमाण कागजातबाट देखिन्छ । तर यसरी खरिद गरिएको विस्फोटक पदार्थको आम्दानी खर्चको अभिलेख कार्यालयले राखेको देखिदैन । खरिद गरिएको विस्फोटक पदार्थ कुन कुन कार्यका लागि के कति खर्च भयो, लागत मूल्य सहितको खर्चको विवरण र राजस्व आम्दानीको अभिलेख राखेको नदेखिएकोले विस्फोटक पदार्थको आम्दानी खर्चको विवरण पेश हुनुपर्दछ ।<br>(व्यवस्थापनसंगको छलफलमा जिन्सी अद्यावधिक गरी प्रमाण पेश गरिने जानकारी गराएको छ ।)
<table>
<tr><th>विस्फोटक पदार्थ</th><th>खरिद परिमाण</th><th>खरिद मूल्य</th></tr>
<tr><td>डेटोनेटर</td><td>१२२७०</td><td rowspan="3">१०१३०८३.३६</td></tr>
<tr><td>फ्यूज वायर</td><td>१२०००</td></tr>
<tr><td>विस्फोटक पदार्थ</td><td>३०६८</td></tr>
<tr><td>जम्मा</td><td>२७३३८</td><td>१०१३०८३.३६</td></tr>
</table></td><td>१०१३०८६/-</td></tr>
<tr><td>४३.२</td><td>विस्फोटक पदार्थ खरिदः कार्यालयको लागि आवश्यक पर्ने विस्फोटक पदार्थ खरिदको लागि कार्यपालिकाले रु.२५ लाख बजेट व्यवस्था भएकोमा कार्यालयले चामे गाउँपालिकाका आ.ले.प. अधिकृतलाई पेश्की दिएको छ । विस्फोटक पदार्थ खरिदका लागि गाउँपालिकाबाट जि.स.स.मा सिफारिस, जि.स.स.बाट जिल्ला प्रशासन कार्यालयमा सिफारिस, जिल्ला सुरक्षा समितिको बैठकबाट निर्णय, जिल्ला प्रशासन कार्यालयबाट गृह मन्त्रालयलाई अनुरोध, गृह मन्त्रालयबाट रक्षा मन्त्रालयमा राय माग, रक्षा मन्त्रालयबाट नेपाली सैनिक जंगी अड्डामा राय माग, जंगी अड्डाबाट मातहत निकायमा राय माग पछि रक्षा मन्त्रालयमा राय पेश, रक्षा मन्त्रालयबाट गृह मन्त्रालयमा राय पेश, गृह मन्त्रालयबाट रक्षा मन्त्रालयलाई विस्फोटक पदार्थ खरिद स्वीकृति सम्वन्धी पत्र पेश, रक्षा मन्त्रालयबाट नेपाली सैनिक जंगी अड्डालाई खरिद स्वीकृति सम्वन्धी पत्र पेश हुँदै बसुन्धरा क्यान्टिनमा रकम बुझाएपछि स्वयम्भु वारुदखाना र हेटौंडा सुनाचरीलाई विस्फोटक पदार्थ उपलब्ध गराउने पत्र, सुरक्षाको लागि नेपाली सेनाको क्याप्टेनको नेतृत्वमा ११ जना नेपाली सेना खटाएपछि स्वयम्भु वारुदखाना थानकोट गोदामबाट डिटोनेटर तथा वायर र सुनाचरी व्यारेक मकवानपुरबाट</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | विस्फोटक पदार्थ खरिद गरी २०७५ आषाढको अन्त्यतिर कार्यालयमा दाखिला भएको देखिन्छ । खरिद कार्यको लागि २०७४ मंसिर देखि २०७५ आषाढ सम्म करिब ९ महिना व्यतित भएको देखिन्छ । सडक निर्माण कार्यको लागि अत्यावश्यक विस्फोटक पदार्थ खरिद प्रकृया झन्झटिलो र लामो लागेको देखिन्छ । कडा चट्टानको लागि आवश्यक पर्ने विस्फोटक पदार्थ सहज आपूर्तिको अभावमा विकास निर्माणको कार्यमा समेत प्रभाव पर्ने हुँदा विस्फोटक पदार्थको खरिद तथा आपूर्तिमा सहजता ल्याउन सम्वन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४३. | **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ । | |
| ४४. | **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ५५ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. १० लाख ४८ हजार समेत रु. ११ लाख ४८ हजार बेरुजू कायम भएको छ । कार्यालयको वेरुजु प्रतिक्रिया प्राप्त भएका छैन । | |
| ४५. | **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू निम्नानुसार फछ्र्यौट गरेको छ । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ७३०००/- | ३८२९४/- | ३४७०६/- |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ४६. | **अद्यावधिक बेरुजू स्थिति :** नार्पा भूमी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ३४७०६/- | - | ८०७१७२२/- | ८१०६४२८/- |

**अनुसूची १**

# नार्पा भुमि गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| क.सं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगति | | सैद्धानितक | लगात | | सैद्धानितक | लगति | | | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | मनाङ | नार्पा भुमि गाउँपालिका | ४४ | ६ | ११४८ | | | | ४४ | ६ | ११४८ | ५५ | १०९३ | | | | १०९३ | | | ० |

**अनुसूची २**

# स्थानीय तह सञ्चित कोष विवरण

## २०७४/७५

(रु.हजारमा)

| क. सं. | स्थानीय तहको नाम | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| | | | | | | | | | | | | |
| १ | नार्पाभुमि गाउँपालिका | मनाङ | ४८४९ | १००००० | १२५०४ | ४६४५ | १२१९९८ | २५३७१ | ६३२५६ | ५११७ | ९३७४४ | २८२५४ |